# <u>कपिलवस्तुको सार्वजनिक जग्गा सम्बन्धी छानविन प्रतिवेदनः</u>

**(क)** उजुरीको संक्षिप्त व्यहोराः

राजकुडा सामुदायिक वनको जग्गा बिक्री गरेको भन्ने सम्वन्धमा ।

कपिलवस्तु जिल्ला बुद्धभुमि नगरपालिका वडा नं १ वीरपुरमा रहेको श्री जनज्योति आधारभुत विद्यालयद्धारा उपभोग गरिराखिएको राजकुडा सामुदायिक वनको क्षेत्रभित्र पर्ने करिव ५ कठ्ठा जग्गा मिलेमतोमा अनियमितरुपमा स्थानिय मोहन सिह पोखेललाई २५ लाखमा विक्रि गरेको ।

(अ) विद्यालय र शौचालय भवन निर्माणमा अनियमितता गरेको भन्ने सम्वन्धमा ।

१. शिक्षा विकास तथा समन्वय इकाईवाट ४ कोठे भवन निर्माणको लागि ३२ लाख विनियोजन भई सोही वमोजिम निर्माण सम्पन्न भएको विद्यालय व्यवस्थापन समितिले निर्णाय गरि फरफारक गरेको तर पछि सामुदायिक वन सँग घाटा भयो भनि थप रु १० लाख माग गरेको ।

२. विद्यालयको शौचालय निर्माण लागत रु ६ लाख ५० हजारको फरफारक गरि पछि फेरि ६५ हजार घाटा लाग्यो भनि सामुदायिक वनसँग सो रकम माग गरेको ।

(आ) अनियमित रुपमा शिक्षक नियुक्ति गरिएको भन्ने सम्वन्धमा ।

१. निर्वाचन आचार संहिता र शिक्षा ऐन तथा नियमावली प्रतिकुल हुने गरि दुई शिक्षक नियुक्त गरी अनियमितता गरेको ।

(ख) तथ्यगत विश्लेषणः

१. सार्वजनिक जग्गा बिक्री गरेको भन्ने सम्वन्धमा ।

क) राजकुडा सामुदायिक वनको जग्गा विद्यालयले बिक्री गरेको भनी उल्लेख भएकोमा <u>*मिति २०७६।२।२७ का दिन सो उजुरी निवेदन सम्बन्धमा स्थलगत निरीक्षण गर्दा जि पि यस बाट उक्त जग्गा नापजाँच गर्दा उक्त जग्गा राजकुडा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रसंग जोडिएको तर सामुदायिक वन क्षेत्र भित्र नपर्ने देखिन्छ ।*</u> भनी सव डिभिजन वन कार्यालय, गोरुसिङ्गेको मिति २०७६।३।१ को पत्रमा उल्लेख भएको ।

ख) मिति २०७५।२।२७ मा गरिएको सर्जीमिनमा *<u>राजकुडा सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना र स्थलगत GPS लिइ हेर्दा उक्त जग्गा सामुदायिक वन क्षेत्र भित्र नपर्ने</u>* भनी बुद्धभूमि न.पा.का सर्भेक्षक श्री भुपेन्द्र बहादुर थारुले सर्जीमिनको रोहवरमा सहिछाप गरेको पाइयो ।

ग) श्री जनज्योति आधारभूत विद्यालय वीरपुरको च.नं. ७९ मिति २०७६।५।४ को पत्रमा बुद्धभू नगरपालिका वडा नं १ वीरपुर अन्तर्गत तिनमने मुनी रहेको हाल विद्यालयले बिक्री वितरण गरेको भनी आरोप लागेको सार्वजनिक जग्गा २०५१।५२ सालतिर व्यापक रुपमा वन जंगल अतिक्रमण हुदै गइरहेको अवस्थामा करिव ०-३-० कठ्ठा जग्गा व्यक्तिले अतिक्रमण गर्न खोज्दा रोकी विद्यालयको खेलमैदान तथा प्रयोगात्मक स्थलको रुपमा प्रयोग गर्दै आएको भनी उल्लेख भइ आएको ।

घ) डिभिजन वन कार्यालय कपिलवस्तुबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल रुपन्देहीलाई लेखिएको च.नं.३०४९ मिति २०७६।३।१० को पत्रमा उक्त जग्गा राजकुडा सामुदायिक वन उपभोक्ता समूहको नक्साभित्र नपर्ने र सो जग्गा ऐलानी जग्गाको रुपमा रहेको देखिन्छ । सो जग्गा विद्यालयले करेसावारी र व्यवसायकि विषयको स्थलगत अभ्यासको लागि प्रयोगमा ल्याएको र उक्त जग्गा कसैले व्यक्तिगत रुपमा प्रयोगमा नल्याएको साथै सार्वजनिक रुपमा नै रहेको स्थलगत निरीक्षण र प्राप्त प्रतिवेदनबाट देखिएको भनी उल्लेख भएको ।

ङ) श्री जनज्योति आधारभूत विद्यालय वीरपुरले करिव २०५१।०५२ सालदेखि तारबार गरी विद्यार्थीहरुको प्रयोगात्मक अभ्यासका लागि प्रयोग गरी आएको ऐलानी

जग्गा मिति २०७४।९।१८ मा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री इश्वरी प्रसाद पौडेलको अध्यक्षतामा बसेको बैठकबाट बुद्धभूमि न.पा. वडा नं.१ बीरपरमा रहेको तिनमने मुनीको जग्गा बढी बढाउमा बिक्री गर्ने, जग्गा बिक्री वितरणमा कसैले उजुरी बाजुरी गर्न नहुने,जग्गा बिक्री भै भएको आम्दानीलाई परिचालन गर्न एउटा समिति निर्माण गरी उक्त समितिबाट परिचालन गर्ने भनी निर्णय भइ सोही मितिमा उक्त जग्गा रु. २५ लाखमा बुद्धभूमि न.पा. १ का मोहन सिंह पोखेललाई जग्गा बिक्री गरिदिने सर्वसम्मत निर्णय भएको देखिन्छ ।

च) श्री जनज्योति आधारभूत विद्यालयले प्रयोग गरिआएको सार्वजनिक जग्गा २५ लाख रुपैंयामा मिति २०७४।९।१८ मा बिक्री गर्ने निर्णय गरेकोमा खरिद गर्न मञ्जुर गरेका भनिएका श्री मोहन सिंह पोखेलले पारिवारिक कारण देखाई मिति २०७४।०९।२३ मा सो जग्गा खरिद गर्न नसक्ने जानकारी गराई विद्यालयमा निवेदन दर्ता गराएको पाइयो। (निवेदन र दर्ता किताबको छायाँप्रति अनुसूचीमा समावेश छ ।)

छ) विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरुको मिति २०७४।०९।२४ गते बसेको बैठकबाट मिति २०७४।०९।१८ गते गरिएको जग्गा विक्रि गर्ने निर्णय जग्गा खरिदकर्ताले खरिद नगर्ने भन्ने व्यहोराको पत्र प्राप्त भएको र यस्तो सार्वजनिक जग्गा विक्री गर्नु नियमसंगत समेत नहुने भन्दै वदर गर्ने निर्णय गरेको पाइयो । (निर्णयको प्रतिलिपि अनुसूचीमा संलग्न छ ।)

ज) जग्गा खरिदकर्ताले माईन्युट गरेकै दिन १ लाख रुपैंया वुझाएको भन्ने सम्वन्धमा आ.व.२०७४।७५ को विद्यालयको लेखापरिक्षण प्रतिवेदन र वैंक स्टेटमेन्ट माग गरि वुझ्दा लेखापरिक्षण प्रतिवेदन विद्यालयमा प्राप्त नभएको जानकारी विद्यालयका

प्रधानाध्यापक श्री रविलाल घिमिरेले दिनुभयो । सो विद्यालयको वैंक स्टेटमेन्ट अध्ययन गर्दा सो अवधिमा सोबापतको कुनै रकम जम्मा भएको पाइएन ।

झ) विद्यालयले गर्ने आम्दानीको लागि नगदी रसिद प्रयोग गर्ने गरे नगरेको सम्बन्धमा बुझ्दा विद्यालयले कुनै पनि आम्दानी गर्दा रसिद प्रयोग गर्ने नगरेको लिखित जवाफ उक्त विद्यालयबाट प्राप्त भएको ।

ञ) उक्त जग्गाको स्थलगत अनुगमन गर्दा सो जग्गामा कुनै भौतिक पुर्वाधार निर्माण नभएको पाईयो । सो जग्गालाई तारवार लगाई राखेको पाइयो । उक्त जग्गा विद्यालयले विद्यार्थीहरुको प्रयोगात्मक कार्यको लागि प्रयोग गरेको देखियो ।(स्थलगत अनुगमन सम्बन्धी तस्विर अनुसूचीमा संलग्न छ ।

ट) सो सम्वन्धमा जिल्ला वन कार्यालयसँग सर्जमिन मुचुल्का, जिपिएस नक्सा लगायतका आवश्यक कागजपत्र माग गरियो ।

ठ) जिल्ला वन कार्यालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पठाएको पत्रमा उक्त जग्गा विक्रि वितरण नभएको र हाल सो जग्गा सार्वजनिक रुपमा रहेको भन्ने व्यहोरा उल्लेख भएको देखियो । त्यस्तै जिपिएस नक्सा अनुसार सो जग्गा राजकुडां सामुदायिक वन र विद्यालय दुवैको स्वमित्वमा देखिदैन । (जिल्ला वन कार्यालयबाट प्राप्त कागजपत्रहरुलाई अनुसूचीमा राखिएको छ ।)

यस जग्गा सम्वन्धी उजुरीका सम्वन्धमा प्राप्त तथ्यहरुलाई अनुसुचिमा समावेश गरिएको छ ।

२. विद्यालय र शौचालय भवन निर्माणमा अनियमितता गरेको भन्ने सम्वन्धमा ।

(१) विद्यालय भवन निर्माणतर्फ

क) मिति २०७३।११।०६ मा विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रम अन्तरगत श्री जनज्योति नि.मा.वि. वीरपुर र शिक्षा विकास समन्वय इकाईबीच भएको विद्यालयलाई भवन निर्माणका लागि एकमुष्ट ३२ लाख रुपैया प्रदान गर्ने र उक्त भवन २०७५।३।१५ भित्र निर्माण कार्यसम्पन्न गर्ने गरी संझौता भएको पाइयो ।

ख) संझौतापत्रको कार्य संचालन विधि अन्तरगतको बुँदा नं.२. मा **विद्यालय भौतिक सुधारका सम्पूर्ण कार्यहरुमा विद्यालयको तर्फबाट वि.व्य.स.ले कूल लागत अनुमानको कम्तिमा ५ प्रतिशत व्यहोर्नु पर्नेछ । तर निर्माण कार्य सम्पन्न गर्न प्राप्त अनुदान रकमबाट जति नपुग हुन आउँछ त्यति रकम वि.व्य.स.ले जनश्रमदान वा अन्य कुनै श्रोतबाट जुटाई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ** ।भनी उल्लेख भएको पाइयो ।

ग) श्री जनज्योति आधारभुत विद्यालयको भवन निर्माणको कूल इष्टिमेट अंक ४३,३२,७२४।३९ रहेको जसमा जिल्ला शिक्षा समन्वय इकाइबाट ३२ लाख, विद्यालयको सहभागिता रु.११,३२७।२४ हुने उल्लेख भएकोमा उक्त ४ कोठे भवन निर्माण कार्य रु.३८,७८,७४७।**५५** मा सम्पन्न भएको विवरण शिक्षा विकास समन्वय इकाई, कपिलवस्तुको मिति २०७५।४।२४ को कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको पाइयो।

घ) रु.३८,७८,७४७।**५५** को काम सम्पन्न भएको र शिक्षा विकास समन्वय इकाई, कपिलवस्तुबाट रु ३२ लाख प्राप्त भएको आधारमा विद्यालयको तर्फबाट कूल निर्माण लागतको १७.५०% लागत रकम व्यहोरेको पाइयो ।

ङ) श्री राजकुडा सामुदायिक वन उपभोक्ता समूहको प.सं.०७६।७७ च.नं.१ मिति २०७६।०४।०९ को पत्रबाट निजी श्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानीको लागि रु.४ लाख मात्र उपलब्ध गराइएको र अन्य शिर्षकमा रकम उपलब्ध नराइएको भनी उल्लेख भएको पाइयो । (यस सम्बन्धी पत्र अनुसूचीमा राखिएको छ।)

(२) शौचालय भवनतर्फः

क) शौचालय निर्माणतर्फ कूल ६९९०१५।६८ को इष्टिमेट भइ शिक्षा विकास तथा समन्वय इकाई मार्फत रु ६,००,०००। र विद्यालयको लागत सहभागिता ९९,०१५.६८ गरि भएकोमा सम्झौता भएको देखिन्छ ।

ख) अन्तिम मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन अनुसार शौचालय भवन कुल जम्मा रु ६,७५,८८९.०३ मा निर्माण सम्पन्न भई विद्यालयले केवल रु ७५,८८९.०३ व्यहोरेको देखिन्छ ।

ग) मिति २०७३।११।०६ मा भएको संझौताको शर्तको बुँदा नं. २.२ मा **विद्यालय भौतिक सुधारका सम्पूर्ण कार्यहरुमा विद्यालयको तर्फबाट वि.व्य.स.ले कूल लागत अनुमानको कम्तिमा ५ प्रतिशत व्यहोर्नु पर्नेछ । तर निर्माण कार्य सम्पन्न गर्न प्राप्त अनुदान रकमबाट जति नपुग हुन आउँछ त्यति रकम वि.व्य.स.ले जनश्रमदान वा अन्य कुनै श्रोतबाट जुटाई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ** भनी उल्लेख भएकोमा विद्यालय तर्फको लागत सहभागिता ११.२३% रहेको पाइयो ।(भवन र शौचालय निर्माण सम्वन्धी संकलित कागजपत्रलाई अनुसुचिमा समावेश गरिएको छ ।)

घ) तलब शिर्षकमा बाहेक सामुदायिक वनबाट विद्यालयलाई अन्य शिर्षकमा रकम प्रदान भएको पाइएन

३. अनियमित रुपमा शिक्षक नियुक्ति गरिएको भन्ने सम्वन्धमा ।

(क) श्री जनज्योति आधारभुत विद्यालयले छानविन समितिलाई शिक्षक शान्ता भुषाल र शिक्षक गोमा पोखेल (पौडेल) लाई नियुक्ती गर्ने विद्यालय व्यबस्थापन समितिको निर्णयहरुको अध्ययन गर्दा सुरुमा भोलेन्टेयर शिक्षकको रुपमा नियुक्त गरि फेरी पछि अर्को वैठकवाट निर्णय गरी तलव दिएको देखियो ।

ख) शिक्षकहरुको तलव भत्ता सम्वन्धमा गरिएको विद्यालय व्यवस्थापन समितिको निर्णय र सामुदायिक वन उपभोक्ता समितिले वैकमा रकम जम्मा गरेको भौचर र वैंक स्टेटमेन्ट वाट उनीहरुको तलव नगरपालिकाको अनुदान र सामुदायिक वन उपभोक्ता समितिवाट व्यहोर्ने गरेको देखिन्छ । जसलाई सामुदायिक वनसँग शिक्षक तलब वितरणको लागी माग गरि पठाएको पत्रको नमुना र शिक्षकले तलव वुझेको भर्पाइको नमुनाले पुष्टी गर्दछ ।

ग) शिक्षक नियुक्त गर्दा निर्वाचन आचार संहिता लागु भएको समयमा शिक्षक नियुक्त गरे नगरेको सम्वन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णयहरु अध्ययन गर्दा शिक्षक श्री शान्ता भुसाललाई मिति २०७४।०७।२० को निर्णयमा निजलाई नियुक्ति गर्न सकिने भनिएको छ भने मिति २०७४।०९।१६ को निर्णयले निजलाई नियुक्ति दिएको देखिन्छ ।

घ) विद्यालयका अर्का शिक्षक गोमा पोखेल (पौडेल) का सम्वन्धमा मिति २०७५।०२।१५ को मितिमा निर्णय गरि भोलेन्टेयर रुपमा नियुक्ति गरि मिति २०७५।०९।०५ गतेको निर्णयले तलवी शिक्षकको रुपमा नियुक्त भएको देखिन्छ ।

ङ) प्राप्त कागजपत्रहरुबाट शिक्षकहरुको नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धावाट गरेको कहिँ कतै देखिँदैन ।

च) विद्यालयको अवलोकन गरिरहेको दोस्रो दिन उजुरी परेका दुई शिक्षकहरु क्रमश : शान्ता भुषाल र गोमा पोखेल (पौडेल) ले विद्यालय प्रशासन समक्ष राजिनामा पेश गर्नु भएको देखियो ।स्वीकृतिको लागी प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने वताउनु भयो ।

(विद्यालय शिक्षक नियुक्ति सम्वन्धी कागजपत्रलाई अनुसुचीमा समावेश गरिएको छ ।)

(ग) निष्कर्ष तथा राय

१. निष्कर्षः प्राप्त तथ्यहरुको विश्लेषणका आधारमा छानविन समितिको निष्कर्ष देहाय अनुसार रहेको छ ।

(क) सार्वजनिक जग्गा विक्रि गरेको भन्ने सम्वन्धमा ।

मिति २०७४।९।१८ मा सार्वजनिक जग्गा व्यक्तिलाई बिक्री गर्ने गरी गैरकानूनी निर्णय गरेकोमा खरिद कर्ताले उक्त जग्गा खरिद गर्न नसक्ने भनी मिति २०७४।९।२३ मा निवेदन दिए पश्चात मिति २०७४।९।२४ मा बसेको बैठकबाट जग्गा बिक्री गर्ने भनी गरेको पूर्व निर्णय बदर गरेको र छानविन टोलीबाट स्थलगत निरीक्षण गर्दा उक्त जग्गामा कुनै भौतिक संचरना निर्माण नभएको तथा डिभिजन वन कार्यालय अन्तरगतबाट गरिएको सर्जमिन मुचुल्काबाट समेत उक्त जग्गा कुनै व्यक्तिले प्रयोग नगरेको भनी उल्लेख भएको

देखिँदा उजुरी निवेदनमा उल्लेख भए बमोजिम सार्वजनिक/ ऐलानी जग्गा व्यक्तिको नाममा बिक्री वितरण भएको भनी एकीन गर्ने आधार प्रमाण पाइएन ।

(ख) विद्यालय भवन तथा शौचालय निर्माण सम्बन्धमा ।

१. भवन निर्माणको कूल इष्टिमेट अंक ४३,३२,७२४।३९ रहेकोमा रु.३८,७८,७४७।५५ मा निर्माण सम्पन्न भएको जसमध्ये शिक्षा विकास समन्वय इकाई, कपिलवस्तुबाट रु ३२ लाख प्राप्त भएको र विद्यालयको तर्फबाट रु.६,७८,७४७।५५(१७.५०%) लागत रकम व्यहोरेको पाइयो ।
२. श्री राजकुडा सामुदायिक वन उपभोक्ता समूहको प.सं. ०७६।७७ च.नं.१ मिति २०७६।०४।०९ को पत्रबाट निजी श्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानीको लागि रु. ४ लाख मात्र उपलब्ध गराइएको र अन्य शिर्षकमा रकम उपलब्ध नराइएको भनी उल्लेख भएको पाइयो । (यस सम्बन्धी पत्र अनुसूचीमा राखिएको छ।)
३. शौचालय निर्माणतर्फ कूल ६९९०१५।६८ को इष्टिमेट भएकोमा रु.६७५८८९।०३ मा निर्माण सम्पन्न भएको जस्मा शिक्षा विकास तथा समन्वय इकाई मार्फत रु ६,००,०००। र विद्यालयको लागत सहभागिता रु. ७५८८९।०३ (११.२३%) रहेको पाइयो ।
४. संझौताको शर्तको बुँदा नं. २.२ मा **विद्यालय भौतिक सुधारका सम्पूर्ण कार्यहरुमा विद्यालयको तर्फबाट वि.व्य.स.ले कूल लागत अनुमानको कम्तिमा ५ प्रतिशत व्यहोर्नु पर्नेछ । तर निर्माण कार्य सम्पन्न गर्न प्राप्त अनुदान रकमबाट जति नपुग हुन आउँछ त्यति रकम वि.व्य.स.ले जनश्रमदान वा अन्य कुनै श्रोतबाट जुटाई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ** भनी उल्लेख भएकोमा देखिंदा उजुरीमा उल्लेख भए बमोजिम विद्यालयले जनश्रमदान वा अन्य कुनै श्रोतबाट रकम जुटाउन सक्ने नै देखिएको सन्दर्भमा अन्य निकायलाई श्रोत व्यवस्थापनका लागि लेखी पठाएको अवस्थामा पनि अन्यथा भएको भनी मान्न सकिने अवस्था रहेन । तथापि भवन र शौचालय निर्माण कार्यका लागि विद्यालयलाई सामुदायिक वन उपभोक्ता समूहबाट रकम प्रदान गरेको पाइएन ।

(ग) शिक्षक करारमा नियुक्ति सम्बन्धमा ।

विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा ऐन र नियमावली अनुसार सार्वजनिक रुपमा सूचना प्रकाशित गरी परीक्षा लिई खुल्ला प्रतिस्पर्धा मार्फत गर्नु पर्नेमा सो अनुरुप भए गरेको प्राप्त कागजातहरुबाट देखिन आएन ।

२. रायः छानविनबाट सार्वजनिक जग्गा गैरकानूनी रुपमा बिक्रीको प्रयास भएको तर बिक्री नभएको, विद्यालय भवन र शौचालय भवन स्वीकृत इष्टिमेट एवं संझौताको परिधिभित्र रही सम्पन्न भएको पाइएको र निजी श्रोततर्फ २ जना शिक्षकको नियुक्ति प्रतिस्पर्धा विना गरेको पाइएकोमा प्रस्तुत उजुरीका वियमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटबलबाट समेत छानविन भइरहेको देखिँदा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन ) निर्देशिका,२०६८ को दफा ५.१ (च) अनुसार प्राप्त काजगात सहितको सक्कल फाइल श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइ प्राप्त उजुरीलाई तामेलीमा राख्न उपयुक्त देखिन्छ ।

**(घ) राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः**

कपिलवस्तुको बुद्धभूमी नगरपालिका वडा नं. १ वीरपुरस्थित श्री जनज्योति आधारभूत विद्यालयको सरकारी जग्गा व्यक्तिको नाममा विक्रि गर्न लागेको लगायतका विषयको उजुरी छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा छानविन प्रतिवेदनको छाँयाप्रति सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।